जिल्ला प्रशासन कार्यालय, काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.३०/५६ (हातहतियार)

दर्ता मिति :– २०७०/०५/२४

**मुद्दा :– हातहतियार खरखजाना ।**

निर्णय नं.२१२९ , मिति :– २०७१/११/१८

| वादी | प्रतिवादी |
|---|---|
| भरत गुरुङको जाहेरीले<br>**नेपाल सरकार**.........................१<br>निजको प्रमाण.................<br>साक्षी : प्रहरी प्रतिवेदक तेजबहादुर गुरुङ, जाहेरवाला भरत गुरुङ, बुझिएका सरोज घले<br>कागज...×... | मन्तसिंह तामाङको छोरा जि. सिन्धुपाल्चोक, हगाम गा.वि.स. वडा नं.७ घरभई का.जि.का.म.न.पा.,वडा नं.३४ बस्ने वर्ष २८ को मनोजकुमार तामाङ्ग........................................................ १<br>दिलबहादुर गुरुङ्गको छोरा जि. काठमाण्डौं, सुन्दरीजल गा.वि.स. वडा नं.४ घर भई जि.ललितपुर,च्यासल बस्ने वर्ष २३ को जितेन भन्ने जितेन्द्र गुरुङ्ग..................................................................... १<br>निजको प्रमाण<br>साक्षी : कालीबहादुर माझी, चिरन तामाङ<br>कागज ...×.... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण............................................

साक्षीः-

कागजः

१. विगत ४ महिना अगाडि विदेशको ९६६५९०५८९७८० नम्वरवाट मेरो ९८५११०७०७६ नं. को मोवाईलमा अज्ञात व्यक्तिले मलाई फोन गरी सयुंक्त जातीय मुक्ति मोर्चाको मान्छे हुं, ४ वटा ए.के. ४७ हतियार खरिद गर्नको लागि २५ लाख दिनु भनेको र मिति २०७०/४/२७ गते देखि मेरो मोवाईलमा ९८१५८८३२७० नं. को मोवाईलवाट मलाई पटक-पटक फोन गरी रकम माग गरेको,

मिति २०७०/४/३१ गते अं. २०:०० वजे म मेरो पसलमा काम गर्दै सामान मिलाउँदै थिएं, काउण्टरमा आउंदा सेतो प्लाष्टिकको झोला काउण्टरमा देखी शंका लागी यो निवेदन लेखाई पेश गरेको छु, कानून वमोजिम गरिपाऊँ भन्ने समेत व्यहोराको भरत गुरुङ्गको निवेदन ।

२. का.जि., जोरपाटी-७, अत्तरखेलमा रहेको भरत गुरुङ्गको भुईतल्ले उत्तर मोहडा भएको घरमा भरत गुरुङ्गको भरत स्टोरको काउण्टरको टेवुल माथि सेतो प्लाष्टिकको पोको खोली हेर्दा सो भित्र सेतो सादा खाम भित्र ८५ लेखेको २ राउण्ड गोली र सयुंक्त जातीय मुक्तिमोर्चा नेपालले भरत गुरुङ्गलाई सम्वोधन गरी आर्थिक सहयोग २५ लाख माग गरी मिति २०७०/४/२७ मा लेखेको पत्र पाना १ रहेको, उक्त ८५ लेखेको २ राउण्ड गोली र संयुक्त जातीय मुक्ति मोर्चा नेपालले भरत गुरुङ्गलाई लेखेको पत्र पाना-१ वरामद गरिएको भन्ने समेत व्यहोराको खानतलासी/वरामदी मुचुल्का ।

३. का.जि.,जोरपाटी-७ अत्तरखेल स्थित पूर्व माकलवारी तर्फ जाने भित्री गल्ली, पश्चिम नेपाल मेडिकल कलेजतर्फ जाने सडक, उत्तर गोकर्ण तर्फ जाने सडक र दक्षिण जोरपाटी तर्फ जाने सडकको चार किल्लाभित्र रहेको सडकको पूर्वी किनारामा फेला परेका मनोजकुमार तामाङ्गलाई तलासी लिंदा निजले लगाएको अगाडिको दाहिने गोजीमा TT SHINE लेखेको मोवाईल सेट थान एक र एनसेलको २ वटा सिमकार्ड रहेको, पर्स, मनोजकुमार तामाङ्गको नाउंको ०६-१२१४६९ न.को सवारी चालक अनुमति-पत्र, एभरेष्ट वैंक लि.को कार्ड थान एक, मनोजकुमार तामाङ्गको नाउंको नेकपा माओवादीको परिचय-पत्र थान एक समेतका सामाग्रीहरु वरामद गरिएको भन्ने खानतलासी/वरामदी मुचुल्का ।

४ विगत ४ महिना देखि विदेशको ९६६५९०५८९७८० वाट भरत गुरुङ्गलाई ९८५११०७०७६ नं. को मोवाईलमा अज्ञात व्यक्तिले फोन गरी सयुंक्त जातीय मुक्ति मोर्चाको मान्छे हो, ४ वटा ए.के.४७ हतियार खरिद गर्नको लागी २५ लाख दिनु भनेको र मिति २०७०/४/२७ गते देखि ९८१५८८३२७० न.को मोवाईलवाट भरत गुरुङ्गलाई फोन गरी रकम माँग गरेको र मिति २०७०/४/३१ गते अ.२०.०० वजे का.जि. जोरपाटी-७ अत्तरखेल स्थित भरत गुरुङ्गको पसलको काउण्टरमा अज्ञात मानिसहरुले शंकास्पद अवस्थामा प्लाष्टिकको पोको ल्याई छाडेको अवस्थामा रहेको भनी भरत गुरुङ्गको निवेदन पर्न आई भरत गुरुङ्गको पसलको काउण्टरको टेवुलमा गई हेर्दा उक्त टेवुलमा सेतो प्लाष्टिकको पोको रहेको, उक्त प्लाष्टिकको पोको भित्र सादा खाममा ८५ लेखेको गोली २ राउण्ड र सयुंक्त जातीय मुक्तिमोर्चा नेपालले भरत गुरुङ्गलाई सम्बोधन गरी आर्थिक सहयोग २५ लाख माग गरी मिति २०७०/४/२७ मा लेखेको पत्र पाना-१ रहेकोले वरामद गरी भरत गुरुङ्गलाई धम्की दिई रकम माँग गर्ने मानिसहरुलाई खोजतलास गर्दा मिति २०७०/४/३१ गते राति अ.२१.०० वजे का.जि.,जोरपाटी ७ अत्तरखेल स्थित सडक किनारमा शंकास्पद अवस्थामा मनोजकुमार तामाङ्गलाई फेला पारी निजलाई नियन्त्रणमा लिई सोधपुछ गर्दा मनोजकुमार तामाङ्ग र जितेन्द्र गुरुङ्गले भरत गुरुङ्गलाई पार्टीलाई सहयोग गर्नुपर्‍यो भनि २५ लाख रकम माँग गर्दै आएको, फोनको वास्ता नगरेकोले निज भरत गुरुङ्गलाई २५ लाख रकम माँग गर्न भनी मिति २०७०/४/३१ गते वेलुका मनोजकुमार तामाङ्ग र जितेन्द्र गुरुङ्ग अत्तरखेल स्थित भरत गुरुङ्गको पसलमा गई निजले नदेख्ने गरी सयुंक्त जातीय मुक्तिमोर्चा नेपालले भरत गुरुङ्गलाई लेखेको पत्र र २ राउण्ड गोली खाममा राखी प्लाष्टिकको झोलामा हाली भरत गुरुङ्गको पसलमा छाडेको भनी खुल्न आएको हुंदा कानून वमोजिम कारवाही गरिपाउं भन्ने प्र.नि. दामोदर दवाडी समेतको प्रतिवेदन ।

५. जितेन्द्र गुरुङ्गले मलाई भेटी भरत गुरुङ्ग भन्ने अत्तरखेलमा वस्ने मेरो आफन्ती छ । होलसेल पसल गर्छ, कसरी हो धेरै पैसा कमाएको छ । निजलाई पैसा माग्यो भने दिन्छ भनेका थिए । कसरी पैसा माग्ने भन्दा जितेन्द्र गुरुङ्गले आफैले चिठी वनाएर ल्याउंछु भनेका थिए । त्यसपछि जितेन्द्र गुरुङ्गले सयुंक्त जातीय मुक्तिमोर्चा नेपालको तर्फवाट चिठी वनाएर ल्याएका थिए । उक्त चिठीमा भरत गुरुङ्गलाई संवोधन गरी आर्थिक सहयोग २५ लाख माँग गरी लेखेको थियो । मैले यसरी चिठी पठाउंदा

कारवाही हुन्छ भन्दा जितेन्द्रले कसैलाई पनि थाह हुंदैन भनेका थिए । त्यसपछि जितेन्द्र गुरुङ्गले कति वेला सो सयुंक्त जातीय मुक्तिमोर्चा नेपालको पत्र र २ राउण्ड गोली भरत गुरुङ्गको का.जि.,जोरपाटी ७ अत्तरखेल स्थित पसलमा लगी छाडेका रहेछन् । जितेन्द्र गुरुङ्गले भरत गुरुङ्गको पसलमा पैसा माग्न जाऔं रकम दिन्छ अहिले ५०/६० हजार दिन्छ होला भने पछि मिति २०७०/४/३१ गते वेलुका जितेन्द्र गुरुङ्ग र म जितेन्द्रको मोटरसाईकलमा अत्तरखेल स्थित गएपछि जितेन्द्रले मलाई भरत गुरुङ्गले चिन्छ, पसलमा तपाई जानु भने पछि जांदा प्रहरी आई मलाई पक्राउ गरेको हो । सयुंक्त जातीय मुक्तिमोर्चा नेपालको पत्र र २ राउण्ड गोली जितेन्द गुरुङ्गले भरत गुरुङ्गको पसलमा लगी राखेको हो । उक्त २ राउण्ड गोली जितेन्द्र गुरुङ्गले ल्याएको हो । सयुंक्त जातीय मुक्तिमोर्चा नेपालले भरत गुरुङ्गलाई लेखेको पत्र जितेन्द गुरुङ्गले वनाएर ल्याएको हो भन्ने व्यहोराको प्रतिवादी मनोजकुमार तामाङ्गले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

६. मैले २०६१ साल देखि माओवादी पार्टीमा आवद्ध भई काम गर्दै आएको थिएँ । शान्ति प्रकृया आएपछि वेथान स्मिृति व्रिगेड अन्तरगत चितवन क्यान्टोनमेण्टमा स्टोर किपर वस्दा मैले ३ राउण्ड गोली र एक किलो जति विष्फोटक पदार्थ ल्याएको थिएँ । विष्फोटक पदार्थ सिन्धुपाल्चोक खोलामा माछा मारेर सकेको थिएँ । एक राउण्ड गोली हराएको थियो । २ राउण्ड गोली म संग नै थियो । मैले मनोजकुमार तामाङ्ग संग सल्लाह गरी भरत गुरुङ्ग भन्ने मेरो अत्तरखेलमा आफन्ती छ, होलसेल पसल गर्छ, पैसा धेरै कमाएको छ, निजलाई पैसा माग्यो भने दिन्छ भनि भनेको थिएं । मनोजकुमार तामाङ्गले कसरी पैसा माग्ने भनेपछि मैले चिठी वनाएर ल्याउंछु भनी म आफैले सयुंक्त जातीय मुक्ति मोर्चा नेपालको तर्फवाट पार्टीलाई ४ वटा ए.के. ४७ हतियार खरिद गर्न २५ लाख रकम चाहियो भनी भरत गुरुङ्गलाई संवोधन गरी लेखेको पत्र तयार गरी नक्कली छाप वनाई लगाई पत्रमा उपाध्याक्ष एटमको नाम लेखी मैले दस्तखत गरी सो पत्र मनोजकुमार तामाङ्गलाई लगी देखाएको थिएं । त्यसपछी दुवै जनाको सल्लाह अनुसार उक्त पत्र र सो पत्रमा २ राउण्ड गोली राखी भरत गुरुङ्गको पसलमा लगी राख्ने र रकम माँग गर्ने सल्लाह भएपछि मिति २०७०/४/२७ गतेको मिति राखी तयार गरिएको पत्र र २ राउण्ड गोली मैले खाममा राखी प्लाष्टिकको झोलामा पोको वनाई मनोजकुमार तामाङ्गलाई दिएं । त्यसपछि मिति २०७०/४/३१ गते वेलुका मनोजकुमार तामाङ्ग र मैले भरत गुरुङ्गलाई पैसा माग्न जाने भनी मेरो मोटरसाईकलमा दुवै जना अत्तरखेल गई म वाटोमा वसेको थिएं । मनोजकुमार तामाङ्गले पत्र र गोली भरत गुरुङ्गको पसलमा छाड्न भनी गएका थिए । निज मनोजकुमार तामाङ्गलाई प्रहरीले पक्राउ गरेको थाह पाएपछि म भागेको हुं । भरत गुरुङ्गको पसलवाट वरामद गरेको सयुंक्त जातीय मुक्तिमोर्चा नेपालको पत्र मैले तयार गरेको हुं । सो पत्र साथ वरामद भएको ८५ लेखेको २ राउण्ड गोली मेरो हो । यसमा उक्त वारदात भन्दा अगाडी देखि मनोजकुमार तामाङ्ग र मैले सयुंक्त जातीय मुक्तिमोर्चाको मान्छे हो हतियार खरिद गर्न रकम दिनु भनि ९८१५८८३२७० न.को मोवाईलवाट समेत भरत गुरुङ्गलाई फोन गरी धम्की दिने कार्य गर्दै आएका थियौं । ९८१५८८३२७० न.को मोवाईल मनोजकुमार तामाङ्गको हो । विगतको समयमा मैले मेरो साथी साउदी अरवमा रहेका राजु वि.क.लाई भनी राजु वि.क.ले भरत गुरुङ्गलाई विदेशको नम्वरवाट फोन गरी रकम माग्ने कार्य गरेको हो भन्ने व्यहोराको प्रतिवादी जितेन भन्ने जितेन्द्र गुरुङ्गले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

७. प्रतिवादी जितेन भन्ने जितेन्द गुरुङ्ग र मनोजकुमार तामाङ्ग मैले जाहेरी दरखास्तमा किटान गरेको वारदातमा संलग्न प्रतिवादीहरु हुन् भन्ने व्यहोराको भरत गुरुङ्गले गरेको सनाखत कागज ।

८. मिति २०७०/४/३१ गते वेलुका अ.२०.०० वजे का.जि.जोरपाटी ७ अत्तरखेल स्थित भरत गुरुङ्गले संचालन गरेको भरत स्टोरको काउण्टर टेवुलमा प्लाष्टिकको पोकोमा शंकास्पद चिजवस्तु रहेको देखी प्रहरीलाई खवर गरेकोमा प्रहरी आई हेर्दा सो प्लाष्टिकको पोको भित्र खाममा ८५ लेखेको २ राउण्ड गोली र सयुंक्त जातीय मुक्तिमोर्चा नेपालले भरत गुरुङ्गलाई सवोंधन गरी आर्थिक सहयोग

२५ लाख माग गरी लेखेको पत्र फेला पारी वरामद गरी लगेको हो । वुझ्दा उक्त २ राउण्ड गोली र पत्र प्रतिवादी मनोज कुमार तामाङ्ग र जितेन भन्ने जितेन्द्र गुरुङ्गले भरत गुरुङ्गको भरत स्टोरमा लगी राखी २५ लाख रकम माग गरेको भन्ने खुल्न आएको हो भन्ने व्यहोराको करिव एकै मिलानको व्यहोरा भएको देव व.तामाङ्ग, सरोज घले र श्याम खड्गीले गरेको दफा-दफामा उल्लेखित कागज ।

९. वरामद भएको पत्र जितेन्द्र गुरुङ्गले मलाई दिई भरत गुरुङ्गकोमा छाडिदिनू भनेकाले मैले लगी छाडेको हो, वारदातमा भरत गुरुङ्गलाई फोन गरेको सिमहरु जितेन्द्र गुरुङ्गले दिएको हो, त्यही सिमबाट हामीले फोन गरेको हो भन्ने समेत व्यहोराको मनोजकुमार तामाङ्गको तितम्बा वयान ।

१०. प्रस्तुत मुद्दाको मिसिल संलग्न खानतलासी/वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादीहरुको वयान, भरत गुरुङ्गको निवेदन, जाहेरी दरखास्त एवं सनाखत कागत, बुझिएका देवबहादुर तामाङ्ग समेतका मानिसहरुको कागज समेतको आधारबाट मिति २०७०/४/३१ गते बेलुका अ.२०.०० बजे जिल्ला काठमाण्डौ जोरपाटी गा.वि.स.वडा नं ७ अत्तरखेल स्थित भरत गुरुङ्गको भरत स्टोर काउण्टर टेबुल माथि प्रतिवादीहरुले प्लाष्टिकको पोकामा रहेको खाममा भित्रबाट ८५ लेखिएको २ राउण्ड गोली र सयुंक्त जातीय मुक्ति मोर्चा, नेपालको रु.२५ लाख माग गरेको पत्र वरामद भई हातहतियार खरखजाना ऐन अर्न्तगतको वारदात भएको देखिन आएकोले उल्लेखित कागज प्रमाणहरुबाट प्रतिवादीहरु मनोज कुमार तामाङ्ग र जितेन भन्ने जितेन्द्र गुरुङ्गले अवैध बन्दुकको गोली जाहेरवालाको पसलमा राखी डरत्रास देखाई **हातहतियार खरखजाना ऐन,२०१९ (संशोधन सहितको) दफा ३(२) बमोजिमको कसूर अपराध गरेकोले निजहरुलाई सोही ऐनको दफा २०(३)** बमोजिम सजाय गरी वरामद गोली सोही ऐनको दफा १६ बमोजिम जफत गरी पाउ भन्ने व्यहोराको अभियोग माग दावी ।

११. म सामान्य काठ मजदुरी गरी खाने मान्छे हुँ, मैले भरत गुरुङ भन्ने मानिससँग कहिल्यै पनि चन्दा माग्ने र धम्काउने कार्य गरेको छैन । व्यक्तिगत रीसइवीले झुट्ठा आरोप लगाएका हुन् । मैले मनोजकुमार तामाङ्गलाई भरत गुरुङ्गसँग चन्दा माग्नु पर्छ भनेको छैन र माग्न लगाएको पनि छैन । गोली पसलमा राख्नु पर्छ भनेको छैन । किन झुट्ठा आरोप लगाए थाह छैन । कुनै गैह्र कानूनी काम नगरेकोले सजाँय हुनु पर्ने होइन, फुर्सद पाउँ । प्रहरीले वयानमा के लेखे थाह छैन, अत्यन्त मानसिक र शारिरिक याताना दिई सही गर्न वाध्य पारिएको हो भन्ने समेत व्यहोराको प्रतिवादी जीतेन भन्ने जीतेन्द्र गुरुङले यस कार्यालयमा गरेको वयान ।

१२. म ने क पा माओवादी सम्वद्ध विद्यार्थी राजनीति र व्यक्तिगत रुपमा निर्माण व्यवसायमा संलन छु । विद्यार्थी राजनीति पुरा गर्ने क्रममा संगठन संचालनका विभिन्न प्याड र छाप म सँग रहेका नै हुन्छन् । म मिति २०७०।४।३० गते अत्तरखेल स्थित एकजना साथीकोमा केही पैसा लिन भनी गएको थिएँ । सो क्रममा साथीसँग पैसा नभएकाले फर्की एउटा पसलको बाहिर बसी रहेको थिएँ । सोही क्रममा प्रहरी आई मलाई पक्राउ गरेको हो मैले कोही कसैसँग चन्दा माग्ने कार्य गरेको छैन,भरत गुरुङलाई को हो म चिन्दीन भन्ने समेत व्यहोराको प्रतिवादी मनोजकुमार तामाङ्गले यस कार्यालयमा गरेको वयान ।

१३. प्रतिवादी जीतेन भन्ने जितेन्द्र गुरुङ र मनोजकुमार तामाङ समेतले राखेको भरत गुरुङको पसलको टेवुलमा खामभित्र दुई थान गोली सहित फेला परेको भन्ने व्यहोराको वरामदी मुचुल्का, का.जि.जोरपाटी-७ बाट मनोजकुमार तामाङ पक्राउ परेको र निजको साथबाट विभिन्न लेटरप्याड, छापहरु फेला परेको भन्ने वरामदी मुचुल्का समेत देखिन आएकोमा प्रतिवादीहरुले यस कार्यालयमा इन्कारी वयान गरेको भएता पनि अधिकार प्राप्त अधिकारीसमक्ष स्वीकार गरेको अवस्था देखिदा र मिसिल संलग्न भएका प्रमाणहरुलाई तत्कालै अन्यथा भन्न र यी प्रतिवादीहरु अहिले नै कसुरदार होइनन् भन्न सकिने अवस्था नदेखिदा पछि ठहरे बमोजिम हुने गरी हाल मुलुकी ऐन, अ.बं.११८को

देहाय ५ बमोजिम यी प्रतिवादीहरुबाट जनही रु ८७,०००।- ( सतासी हजार रुपैयाँ ) धरौटी नगदै वा सो वरावरको जेथा जमानत लिई तारेखमा राख्नु, दिन नसके सोही नं.को देहाय ८ नं.बमोजिम थुनामा राखी पूर्पक्ष गर्नु भन्ने यस कार्यालयको मिति २०७०।५।२५ को आदेश बमोजिम प्रतिवादीहरुले नगदै धरौट राखी तारीखमा बसेका रहेछन् ।

१४. प्रतिवादी जीतेन्द्र गुरुङलाईम ६ वर्ष देखी चिन्दछु । निजको चालचलन राम्रो छ । निज कसैलाई धाकधम्की दिई अवैध हतियार साथमा राखी चन्दा असुल गर्ने खालका व्यक्ति होइन, वरामदी मुचुल्कामा उल्लेख भएको खरखजना निजको होइन र सो कार्यमा निजको कुनै संलग्नता समेत छैन भन्ने समेत व्यहोराको प्रतिवादी जीतेन्द्र गुरुङका साक्षी चिरन तामाङले गरेको वकपत्र ।

१५. प्रतिवादी मनोजकुमार तामाङलाई म ८,९ वर्ष अघि देखी चिन्दछु । निजको चालचलन राम्रै छ । निज अवैध हतियार साथमा लिई गैह्र कानूनी काम गर्ने व्यक्ति होइनन् । वरामदी मुचुल्कामा उल्लेखित खरखजनामा निजको कुनै संलग्नता छैन । वरामदी मुचुल्काको पर्चा, पम्प्लेट चन्दा रसिदको आधारमा निजले कसैलाई डर धाकधम्की दिएको छैन, अभियोगमा निजलाई सजाय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी मनोजकुमार तामाङको साक्षी कालीबहादुर माझीले यस कार्यालयमा गरेको वकपत्र ।

१६. मिति २०७०।५।१९ को घटना विवरणको कागजको व्यहोरा सुनी पाँए, सो मा भएको दस्तखत मेरै हो जाहेरवाला भरत गुरुङको पसलबाट उक्त गोली र धम्कीपूर्ण पत्र समेत वरामद भएको ठीक साँचो हो । उक्त गोली र पत्र मनोजकुमार तामाङ र जीतेन्द्र गुरुङले नै राखेको भन्ने निज भरत गुरुङको भनाईबाट मैले थाह पाएको हूं भन्ने समेत व्यहोराको बुझिएका मानिस सरोज घलेले यस कार्यालयमा गरेको वकपत्र ।

१७. मिति २०७०।४।३१ गते म समेतले दिएको प्रहरी प्रतिवेदनको व्यहोरा सुनी पाए, सो भएको दस्तखत र व्यहोरा म समेतको हो । वरामदी मुचुल्कामा भएको खरखजना र जातीय मुक्ति मोर्चा नेपालले भरत गुरुङलाई सवोंधन गरी लेखेको पत्र जाहेरवाला भरत गुरुङको पसलबाट वरामद भएको हो भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदक तेजबहादुर गुरुङले यस कार्यालयमा गरेको वकपत्र ।

१८. मिति २०७०।४।३१ गतेको जाहेरी दरखास्त र वरामदी मुचुल्का ,मिति २०७०।५।१९ को सनाखत कागज समेतमा भएको दस्तखत मेरो हो, सो मा लेखिएको व्यहोरा ठीक छ । मलाई फोनबाट पटक/पटक धम्की दिने गरेको हो भन्ने समेत व्यहोराको जाहेरवाला भरत गुरुङले यस कार्यालयमा गरेको वकपत्र ।

१९. भरत गुरुङको पसलबाट वरामद भएको संयुक्त जातीय मुक्ति मोर्चा नेपालले भरत गुरुङ्गलाई लेखेको पत्रमा भएको हस्ताक्षर (Signature) जितेन भन्ने जितेन्द्र गुरुङको भएको भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट प्राप्त प्रतिवेदन मिसिल संलग्न रहेछ ।

## ठहर

२०. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।४।३१ गते काठमाण्डौं जिल्ला, जोरपाटी गा.वि.स.वडा नं. ७ अत्तरखेल स्थीत भरत गुरुङको पसलमा गरिएको खानतलासी वरामदी मुचुल्का अनुसार निज भरत गुरुङलाई सम्वोधन गरी आर्थिक सहयोग २५ लाख माँग गरी शंकास्पद अवस्थामा प्लास्टिकको पोको रहेको भनी भरत गुरुङके निवेदन परी प्रहरी गई उक्त पोको खोली हेर्दा सादा खाममा ८५ लेखेको गोली राउण्ड २ र भरत गुरुङलाई सम्वोधन गरी रु २५ लाख माँग गरिएको मिति २०७०।४।२७ को पत्र पाना-१ रही भरत गुरुङलाई धम्की दिने व्यक्तिको खोज तलास गर्दा प्रतिवादी मनोजकुमार तामाङ र जितेन भन्ने जितेन्द्र गुरुङले उल्लेखित चिजबस्तु भरत

गुरुङको पसलमा छोडी आएको भन्ने खुल्न आएकोले निज प्रतिवादीहरुले **हातहतियार खरखजाना ऐन, २०१९** को दफा ३(२) बमोजिकको कसूर अपराध गरेकोले निज प्रतिवादीहरुलाई सोही ऐनको दफा २०(३) बमोजिम सजाँय गरी वरामद गोली ऐ.दफा १६ बमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

२१. यसमा प्रतिवादीहरुले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन् होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

२२. मिसिल संलग्न कागजातरु अध्ययन गरी अव निर्णय तर्फ विचार गर्दा काठमाण्डौं जिल्ला, जोरपाटी गा.वि.स.वडा नं. ७ अत्तरखेल स्थीत भरत गुरुङको पसलबाट २ राउण्ड गोली वरामद भएको भन्ने खानतलाशी वरामदी मुचुल्का र सो गोलीको त्रास देखाई चन्दा माग गरिएको पत्र र मनोजकुमार तामाङको साथबाट ने.क.पा.माओवादी र नेपाल कम्युनिष्ट पार्टी ( एकिकृत ) समेतको हस्ताक्षर भएको संयुक्त प्रेश वक्तव्य पत्र लगायतका अन्य पत्रहरु फेला परेको भन्ने अर्को खानतलाशी वरामदी मुचुल्का भई सम्बन्धित कागजातहरु मिसिल संलग्न देखियो ।

२३. प्रतिवादी मनोजकुमार तामाङले अनुसन्धानका क्रममा काठमाण्डौं सुन्दरीजल बस्ने जितेन भन्ने जितेन्द्र गुरुङसँग सिन्धुपाल्चोकमा म कार्यकर्ता भएको ने क पा माओवादीको युवा कार्यक्रममा चिनजान भई वारदात हुनु भन्दा ५/६ दिन अगाडि निज जितेन भन्ने जितेन्द्र गुरुङले मेरो आफन्त छ, उसले धेरै पैसा कमाएको छ, निजलाई पैसा माग्यो भने दिन्छ भनी हाम्रो पार्टिको तर्फबाट चिट्ठी बनाएर ल्याउछु, मलाई चिन्ने भएकोले चिट्ठी दिनु भनी *तपाईले तपाईले फोन गर्दा बेवास्ता गर्नु भएकोले यो चिट्ठी पठाएको छु । यसको वेवास्ता गरेमा खाममा राखेको २ वटा गोली तपाईको टाउकोमा पड्काउन बाध्य हुनेछौं* भनी चिट्ठी बनाई बुझाउन गएको भनी कसुरमा साविती वयान गरी यस कार्यालयमा अत्तरखेल स्थित साथीकोमा पैसा लिन गएको थिएं, मैले कोही कसैँसँग चन्दा मागेको छैन, गोली राखेको होइन भनी कसूरमा इन्कार रही वयान गरेका रहेछन्,।

२४. प्रतिवादी जितेन भन्ने जितेन्द्र गुरुङले माओवादी पार्टीमा आवद्ध रही चितवन क्यान्टोन्मेन्टमा स्टोर किपर रहदा ३ राउण्ड गोली,एक किलो विष्फोटक पदार्थ ल्याएको थिएं । ७/८ महिना अगाडि मनोजकुमार तामाङसँग चिनजान भयो, भरत गुरुङसँग हाम्रो जग्गा सम्वन्धी किचलो थियो । निज भरत गुरुङले खान नपाउदा मुख देखाउन आउछस् भनी हेला होचो गर्थे र मैले मनोजकुमार तामाङसँग सल्लाह गरी मेरो आफन्त भरत गुरुङसँग पैसा माग्ने बहाना बनाई पार्टीको लेटरप्याडमा पत्र लेखी खाममा २ वटा गोली राखी म र मनोज मोटरसाइकलमा गई मनोजकुमार तामाङले उक्त पत्र भरत गुरुङको पसलमा छाडी आएको भनी कसूरमा साविती वयान गरेका र यस कार्यालयमा कसूरमा इन्कार रही वयान गरेका रहेछन् ।

२५. त्यसै गरी *जाहेरी दरखास्त र वरामदी मुचुल्का, मिति २०७०।५।१९ को सनाखत कागज समेतमा भएको दस्तखत मेरो हो, सो मा लेखिएको व्यहोरा ठीक छ । मनोजकुमार तामाङ र जितेन भन्ने जितेन्द्र गुरुङले मलाई फोनबाट पटक/पटक धम्की दिने गरेको हो, निजहरु पक्राउ परे पछि धम्की आउन छोडेको छ* भन्ने व्यहोराको जाहेरवाला भरत गुरुङले यस कार्यालयमा गरेको वकपत्र, *घटना विवरणको कागजमा भएको दस्तखत मेरै हो, जाहेरवाला भरत गुरुङको पसलबाट उक्त गोली र धम्कीपूर्ण पत्र समेत वरामद भएको ठीक साँचो हो । उक्त गोली र पत्र मनोजकुमार तामाङ र जीतेन्द्र गुरुङले नै राखेको भन्ने निज भरत गुरुङको भनाईबाट मैले थाह पाएको हूं* भनी बुझिएका मानिस सरोज घलेले यस कार्यालयमा गरेको

वकपत्र र *प्रहरी प्रतिवेदनमा भएको दस्तखत र व्यहोरा म समेतको हो । वरामदी मुचुल्कामा भएको खरखजाना र जातीय मुक्ति मोर्चा नेपालले भरत गुरुङलाई सवोंधन गरी लेखेको पत्र जाहेरवाला भरत गुरुङको पसलबाट वरामद भएको हो* भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदक तेजबहादुर गुरुङले यस कार्यालयमा गरेको वकपत्र मिसिलमा रहनुका साथै वरामद भएको संयुक्त जातीय मुक्ति मोर्चा नेपालले भरत गुरुङ्गलाई लेखेको पत्रमा भएको हस्ताक्षर (Signature) जितेन भन्ने जितेन्द्र गुरुङको भएको भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट प्राप्त प्रतिवेदन मिसिल संलग्न रहेबाट प्रतिवादीहरुले आपसी मिलेमतो र सल्लाह बमोजिम जाहेरवालाको पसलमा अवैध खरखजाना राखेको तथ्य पुष्टि हुन आयो ।

२६. जहाँसम्म प्रतिवादीहरुले यस कार्यालयमा गरेको इन्कारी वयान छ, प्रतिवादीहरुले अनुसन्धानको क्रममा वयान गर्दा कसूरमा साविती रही वयान गरेका छन् । अनुसन्धानका क्रममा अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान प्रमाणमा लिन मिल्ने नमिल्ने सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ९ मा स्पष्ट व्यवस्था गरिएको छ । जस अनुसार ऐ दफा ९. **पक्षले व्यक्त गरेको कुरा : (१) मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि : (क) फौज्दारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको अभियोगको सम्वन्धमा अदालत बाहेक अन्यत्र व्यक्त गरेको कुरा अदालतले देहाय बमोजिम ठहराएमा प्रमाण लिन हुन्छ :**
**(१) सो कुरा व्यक्त गर्दा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा थियो ।**
**(२) निजलाई बाध्य गरी वा निज वा अरु कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरुद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको होइन ।**
**(३) सो अभियोग बारे कुनै सार्वजनिक अधिकारीले गर्ने कारवाईको सम्वन्धमा यस्तो धम्की वा विश्वास पर्ने आश्वासन दिएको थिएन जसबाट निजले सो कुरा असत्य रुपमा व्यक्त गर्ने सम्भावना थियो र जुन धम्की वा आश्वासन कार्यान्वित गर्न सक्ने अधिकार र शक्ति सो अधिकारीलाई थियो भन्ने कुरा निजले युक्तिसंगत रुपमा विश्वास गरेको थियो ।**

२७. तसर्थ, अनुसन्धानको क्रममा वयान गर्दा अभियुक्तहरु सचेत अवस्थामा र आफूहरुले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा नरहेका वा निजहरुलाई बाध्य गरी वा निजहरु वा अरु कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरुद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको वा कुनै डरत्रास, धाकधम्की, प्रलोभन दिइएको भन्ने कुनै प्रमाण मिसिलमा नदेखिदा प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम अनुसन्धानका क्रममा भएको प्रतिवादीहरुको साविती वयानलाई निजहरुकै विरुद्ध प्रमाण लिन मिल्ने नै देखियो । प्रतिवादीका साक्षीले यस कार्यालयमा आई वकपत्र गर्दा प्रतिवादीहरु निर्दोष रहेको भने तापनि निजहरुले वारदात देखेको नभई सुनी थाह पाएको भनी खुलाएकाले उल्लेखित वकपत्र कथनहरु Hearsay Evidence भएकाले प्रामाणिक महत्व राख्न सक्दैनन् । प्रतिवादीहरुले यस कार्यालयमा गरेको इन्कारी वयान मात्र निजहरुको निर्दोषिताको आधार बन्न सक्दैन ।

२८. अतः माथि विवेचना गरिएका खानतलासी वरामदी मुचुल्का, प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको साविती वयान, वादी पक्षका साक्षीहरुले यस कार्यालयमा गरेको वकपत्र, हस्ताक्षर परीक्षण प्रतिवेदन समेतका मिसिल संलग्न प्रत्यक्ष प्रमाणहरुका आधारमा यी प्रतिवादीहरु मनोजकुमार तामाङ र जितेन भन्ने जितेन्द्र गुरुङले हातहतियार ऐन, २०१९ को दफा ३(२) विपरित विना इजाजत खरखजाना आफ्नो साथमा राखी बोकी हिडेको कसूर गरेको ठहर्छ । सो ठहर्नाले सजाँय तर्फ बिचार गर्दा वरामद खरखजानाको परिमाण न्युन रहेको, **कसुर स्थापित भएको अवस्थामा आपराधिक कृयाकलापमा निजको संलग्नताको मात्रा र त्यसबाट प्राप्त गरेको लाभ समेतलाई आधार बनाई सजाँय निश्चित गर्नु पर्ने** । (नेपाल सरकार वि. ज्ञानेन्द्र बिष्ट, किर्ते ठगी, नि.नं. ८४०९, ने.का.प. २०६७ कार्तिक,

पृ. ११११६) भन्ने सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तका आधारमा आपराधिक कृयाकलापबाट निज प्रतिवादीहरुले लाभ प्राप्त नगरेको देखिंनुका साथै जरिवाना मात्रको सजाँय गर्दा पनि न्यायको उद्धेश्य पुरा हुने भएकाले प्रतिवादीहरु मनोजकुमार तामाङ र जितेन भन्ने जितेन्द्र गुरुङलाई ऐ ऐनको दफा २०(३) बमोजिम जनही रु ५५,०००।- ( पचपन्न हजार रुपैयाँ ) जरिवाना हुन्छ । वरामद भई आएको गोली ऐ. दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं. १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

## तपसील

- प्रतिवादीहरु मनोजकुमार तामाङ र जीतेन भन्ने जितेन्द्र गुरुङ के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजहरुलाई जनही रु. ५५,०००/-( पचपन्न हजार रुपैयाँ ) जरिवाना हुने ठहरेकोले निजहरुलाई ठहरेको जरिवाना निजहरुले मिति २०७०।५।२५ मा यस कार्यालयमा राखेको धरौटी रकमबाट मू.ऐ. अ.बं. १२० नं. बमोजिम गरी असूल उपर गर्नु, बाँकी धरौटी रकम फिर्ता पाउन ऐनका म्याद भित्र प्रतिवादीहरुका तर्फबाट निवेदन परेमा नियमानुसार फिर्ता दिनु ........................................................................१
- वरामद खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु......................................२
- प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरु मनोजकुमार तामाङ र जीतेन भन्ने जितेन्द्र गुरुङलाई पुनरावेदन म्याद दिनू.....................................................................३
- जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू ......४
- सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू...............................................................................................५
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ......................६

...................................
( एकनारायण अर्याल )
प्रमुख जिल्ला अधिकारी

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा/ना.सु.भुवराज घिमिरे
प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

इति सम्वत् २०७१ साल फाल्गुण १८ गते रोज २ शुभम् ......................